प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश

बुटवल, रुपन्देही

## प्रमाणपत्र तहको नर्सिङ्ग कार्यक्रमको बर्गिकृत (निःशुल्क) छात्रवृत्ति तथा पूर्ण शुल्कीय तर्फको लागि आवेदन फारम भरेका प्रशिक्षार्थीहरुको नतीजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७८।०९।०८**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०७८।०८।०८ गते डिप्लोमा/ प्रमाण पत्र तहको बर्गिकृत (निःशुल्क) छात्रवृत्ति तथा पूर्ण शुल्कीय तर्फको लागि गोरखापत्र राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित सूचनानुसार प्रमाण पत्र तहको नर्सिङ्ग कार्यक्रमको लागि आवेदन फारम भरेका आवेदकहरु मध्येवाट परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको **"डिप्लोमा/प्रमाण पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (चौथो संशोधन२०७८)"** तथा सूचनामा उल्लेख भए बमोजिम वरियताक्रमको आधारमा नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकरीका लागि यो सूचना प्रकाशित गरिएको छ ।मुख्य सफल प्रशिक्षार्थीहरुले मिति २०७८/०९/२२ गते सम्म कार्यालय समय भित्र तोकिएको शिक्षण संस्थामा आफ्नो शैक्षिक योग्यता, नागरिकता वा जन्म दर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाण पत्रहरु र Online फारम भर्दा प्राप्त भएको अनुमति पत्र सहित सिफारिस गरिएका शिक्षण संस्थामा भर्ना भई सक्नु पर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम प्रशिक्षार्थीहरुले पेश गरेका प्रमाण पत्रहरु रुजु गरी भर्ना गर्न/गराउन हुन अनुरोध छ ।साथै तोकिएको मितिभित्र प्रशिक्षार्थीहरु भर्ना हुन नआई कुनै सिट रिक्त रहेमा भर्ना हुन नआएका प्रशिक्षार्थीको नाम, अनुमति नं.,लक्षित वर्ग समुह तथा रिक्त कोटा सहित उल्लेख गरी भर्ना म्याद सकिएको ३ दिनभित्र यस प्रदेश कार्यालयको ई–मेल ठेगाना : **exam.ctevtp5@gmail.com** मा पत्र मार्फत जानकारी गराउनुको साथै सोको वोधार्थ परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा समेत पठाउन हुन अनुरोध छ । नतिजा परिषद् कार्यालयको वेभ साईट : www.ctevt.org.np तथा परिषद् लुम्बिनी प्रदेशको वेभ साईट : www.ctevtp5.org.np मा हेर्न हुन अनुरोध छ ।

**निर्देशक**